'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १६२ बिहिवार २४ माघ, २०८१ 06 (Thursday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## लुम्बिनीमा लैंगिक समानता नीति कार्यान्वयनमा,

नमस्ते समचारदाता

दाङ, माघ/२३




लुम्बिनी प्रदेश सरकारले लैङ्गिक समानता नीति, २०८० कार्यन्वयनमा लगेको छ। नीतिको प्रभावकारी कार्यान्वयनका लागि मुख्यमन्त्री चेतनारायण आचार्यले आधारभूत तहसम्म कार्यक्रम पुऱ्याउन जोड दिनुभएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी)मा बुधवार सम्पन्न निर्देशक समितिको प्रथम बैठकलाई सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले तथ्य र प्रमाणलाई आधार मानेर समस्या केन्द्रित ठाउँ केन्द्रित गरेर नीतिको कार्यान्वयनमा जोड दिनु भएको हो।'जहाँ समस्या छ, त्यहाँ प्राथमिकता दिनुपर्छ। समाजमा अहिले पनि असमानताहरु छन्। ति असमानताहरु हटाउन नीतिको प्रभावकारी कार्यान्वयननै आजको आवश्यकता हो'मुख्यमन्त्री आचार्यले भन्नुभयो,'लैंगिक समानता र सामाजिक न्याय स्थापित गर्न प्रदेशले अघि बढाएका नीति तथा कार्यक्रमको कार्यान्वयन पक्षलाई बलियो बनाउनुपर्ने आवश्यकता छ।'

लैंगिक समानता नीतिले महिला, बालबालिका, तथा लैङ्गिक अल्पसंख्यकहरूको विकास, संरक्षण, र सशक्तिकरणलाई प्राथमिकता दिएको छ। नीतिमा लैङ्गिक हिंसा रोकथाममा पुरुष सहभागिता बढाउने, र महिलाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक कार्यक्रम सञ्चालन गर्ने जस्ता प्रावधानहरू समावेश छन्। यसका साथै, लुम्बिनी प्रदेशले निजामती सेवामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई एक प्रतिशत आरक्षणको व्यवस्था गर्दै समावेशीता

बाँकी ३ पेजमा

## बाजुराको शैक्षिक गुणस्तर सुधार गर्न प्रअसंग अभिमुखीकरण

नमस्ते समचारदाता

बाजुरा, माघ/२३

शैक्षिक गुणस्तर सुधारका लागि माध्यामिक, निम्न माध्यामिक र आधारभूत विद्यालयका प्रधानाध्यापकहरुलाई अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ। जिल्लाका ९ वटै स्थानीय तहमा रहेका मावि, निमावि र आधारभूत विद्यालयका प्रधानाध्यापकसंग अभिमुखीकरणको आयोजना गरिएको सामाजिक विकास कार्यालय बाजुराका प्रमुख मिन बहादुर लामिछाने बताएका छन्। पछिल्लो समय विद्यार्थी मोबाईलमा भुल्ने, भनेको नमान्ने, नपढ्ने घरको काममा सहयोग नगर्ने सामान जतन नगर्ने, सामाजिक सञ्जालमा देखिएको विकृति र विसंगति लगायतमा देखिएका समस्या समाधानका विषयमा केन्द्रीत रहेको उनले बताएका छन्। जिल्लाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तरको अवस्था सुधारका निम्ति सामाजिक विकास कार्यालयले विभिन्न समयमा यस्ता गतिविधि




सञ्चालन गरिरहेको उनले बताएका छन्। जिल्लाको समग्र शैक्षिक गुणस्तरको अवस्था सुधार हुन नसकेको कतिपय जानकारले टिप्पणी गर्ने गरेको बेला सामाजिक विकास कार्यालय यसमा गम्भीर भएर अवस्था सुधारमा लागेको छ। विद्यार्थी र अभिभावकमा हुने खराब आचरण अन्त्य गरेर असल बानी व्यवहारको सुरुवात, जिम्मेवारीपनको विकासमा यस कार्यक्रमले थप टेवा पुग्ने शिक्षकहरुले बताएका छन। समाजमा बढ्दै गएको अराजक, खराब बानी व्यवहारको अन्त्य गरेर असल व्यक्ति निर्माणमा यस कार्यक्रमले थप हौसला दिएको कार्यक्रमका सहभागी शिक्षकहरुले बताएका छन्। सामाजिक सञ्जालको अव्यवस्थित प्रयोगका कारण समाजमा विभिन्न खालका घटनाहरू घट्दै गएकाले त्यस्ता विकृतिजन्य गतिविधिबाट छोरछोरीलाई टाढा बनाएर असल शिक्षा प्रदान गर्नमा लाग्ने सुझाव दिईएको छ। जिल्ला समन्वय समिति प्रमुख तुलसीराम रोकायाले अभिमुखीकरण कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रममा जिल्लाभरका करिब ३५ बढी प्रअहरुको सहभागीता रहेको थियो।

### मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ।

## कर्णालीका स्थानीय तहमा डिजिटल शिक्षा कार्यक्रम

नमस्ते समचारदाता

सुर्खेत, माघ/२३

कर्णाली प्रदेश सरकारले शैक्षिक गुणस्तर सुधार गर्न नयाँ कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। सार्वजनिक विद्यालयको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन 'मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम' कार्यान्वयन गरिएको हो। यो कार्यक्रम रुकुमपश्चिमको चौरजहारी नगरपालिका र मुसीकोट नगरपालिकामा कार्यक्रम कार्यान्वयन हुने छ। त्यसै गरी जाजरकोटको छेडागाड नगरपालिका र शिवालय गाउँपालिका तथा सल्यानको दार्मा र कपुरकोट गाउँपालिकाका विद्यालयसमेत कार्यक्रममा समेटिने जनाइएको छ। यसबाहेक पनि सुर्खेतको लेकबेंसी नगरपालिका, दैलेखको आठबिस नगरपालिका, कालीकोटको नरहरिनाथ गाउँपालिका, जुम्लाको कनकासुन्दरी गाउँपालिका, मुगुको मुगुमकार्मारोङ गाउँपालिका, डोल्पाको ठुलीभेरी नगरपालिका र हुम्लाको अदानचुली गाउँपालिका गरी १३ पालिकामा 'मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम' कार्यान्वयन गर्न लागिएको हो। अब प्रत्येक पालिकाबाट एक विद्यालय छनोट गरिने छ। एक विद्यालयलाई ७० हजारका दरले पालिकामा बजेट पठाइएको सामाजिक मन्त्रालयले




जनाएको छ। पालिकाले सम्बन्धित विद्यालयसँग सम्झौता गरेर काम अघि बढाउने छ। प्रदेशको सामाजिक विकास मन्त्रालयले 'एक जिल्ला एक नमुना विद्यालय' कार्यक्रमलाई निरन्तरता दिन 'मुख्यमन्त्री डिजिटल' कार्यक्रम कार्यान्वयन गर्न लागेको हो। नमुना विद्यालय कार्यक्रम गत आर्थिक वर्ष २०८०/८१ मा नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण शीर्षकमा प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत कार्यान्वयनमा जाने गरी १४ करोड विनियोजन भएको थियो। यो वर्ष सोही कार्यक्रमको नाम परिवर्तन गरी 'मुख्यमन्त्री डिजिटल' कार्यक्रम सञ्चालन गर्न लागिएको छ। गत वर्ष कार्यक्रमका क्षेत्र बृहत् हुँदा कार्यान्वयनमा समस्या आएको थियो। यो वर्ष डिजिटल शिक्षालाई मात्र प्राथमिकतामा राखेर कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। प्रदेश सरकारको पुस १९ गते बसेको मन्त्रीपरिषद्को बैठकले मुख्यमन्त्री डिजिटल शिक्षा र नमुना विद्यालय कार्यक्रम कार्यविधि- २०८१ स्वीकृत गरेको छ। कार्यविधि स्वीकृत भएसँगै कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। यो वर्ष प्रदेशका १३ वटा पालिकामा कार्यक्रम कार्यान्वयन गर्न लागिएको मन्त्रालयका शैक्षिक महाशाखाले जानकारी दिएको छ। प्रदेशका १३ वटा पालिकामा 'पाइलट प्रोजेक्ट' का रूपमा कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। गत वर्ष सरकारले नमुना विद्यालय कार्यक्रमको अवधारणा अघि सारेको थियो। केही विद्यालयसमेत छनोट गरिएको छ। ती छनोट गरिएका विद्यालयमा यस वर्ष 'मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम' कार्यान्वयन गरिने छ। कार्यक्रम कार्यान्वयनका लागि १० करोड बजेट विनियोजन गरिएको छ। जसबाट यस वर्ष १३ वटा पालिकाका १३ वटा विद्यालयमा कार्यक्रम कार्यान्वयन गरिने छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

# सहकारी संस्था व्यवस्थित गर्न ल्याइएको अध्यादेशमा के छ?

**रूप खड्का**

बचत तथा ऋण कारोबार गर्ने केही सहकारी सञ्चालकहरूले ठूलो मात्रामा रकम अपचलन गर्दा लाखौं सर्वसाधारण बिचल्लीमा परेका छन् । सहकारी पीडितहरु झन्डै दुई वर्षदेखि आन्दोलित छन्। यस अवधिमा सरकार र सहकारी पीडितबीच वार्ता र सम्झौता भए पनि बचत फिर्तामा खासै प्रगति भएको छैन। बरू रकम दुरूपयोगका नयाँ नयाँ घटना सतहमा आइरहेका छन् । यो समस्या चुलिनुमा सहकारी कानुनको सीमितता पनि एउटा कारण हो। यही समस्या समाधान गर्ने उद्देश्यले सरकारले पुस १४ गते 'सहकारी सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८१' जारी गरेको छ। तर यसमा गरिएका व्यवस्थाले पनि सहकारी पीडितहरूको डुबेको रकम समयमै फिर्ता हुने र भविष्यमा जम्मा हुने बचत सुरक्षित हुने प्रत्याभूति दिँदैन । यो लेखमा म सहकारी कानुनबारे चर्चा गर्नुका साथै यसलाई समयसापेक्ष बनाउन केही सुझाव राख्दैछु । नेपालमा सहकारीको विकास परापूर्व कालदेखि हुँदै आए पनि आधुनिक सहकारीको सुरूआत भएको सात दशक पुग्न लागेको छ । सहकारी सम्बन्धी कानुनी व्यवस्था गर्न २०१३ सालमा 'सहकारी कार्यकारिणी आदेश' जारी गरिएको थियो भने पहिलो ऐन 'सहकारी संस्था ऐन २०१६' हो। उक्त ऐनलाई 'साझा संस्था ऐन २०४१' ले प्रतिस्थापन गरेको थियो। त्यसपछि २०४८ सालमा साझा संस्था ऐनको सट्टा 'सहकारी ऐन २०४८' लागू गरियो। त्यो ऐन पनि खारेज गरेर लागू गरिएको 'सहकारी ऐन २०७४' हाल कार्यान्वयनमा छ । यी कानुनमा सहकारीको मर्मअनुसार विभिन्न प्रावधान थिए, जसमध्ये केही प्रमुख प्रावधानको संक्षिप्त स्वरूप तल प्रस्तुत गरिएको छ –सहकारी सम्बन्धी सबै ऐनको प्रारम्भमा सहकारीका मूल्य, मान्यता र सिद्धान्त समेट्ने गरेर प्रस्तावना उल्लेख गरिएको पाइन्छ । नेपालको पहिलो सहकारी संस्था ऐन २०१६ को प्रस्तावनामा 'कृषक, कालिगढ र कम पुँजीवाला व्यक्तिहरूको आर्थिक विकासार्थ, स्वाबलम्बन, पारस्परिक सहयोग र किफायत वृद्धिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुविधाजनक गर्न आवश्यक परेकाले … यो ऐन … जारी गरिएको छ' भनिएको थियो । सायद राजनीतिक हस्तक्षपविना विज्ञहरूको सुझावका आधारमा तयार गरिएको यो प्रस्तावना सहकारीको मर्म प्रतिविम्बित गर्ने सटिक प्रस्तावना थियो । त्यसपछि निर्माण भएका ऐनका प्रस्तावनामा केही कुरा थप गरिएका भए पनि त्यसले दिनुपर्ने मूल सन्देशमा खासै परिवर्तन भएको देखिँदैन। खासगरी सहकारी ऐन २०७४ को प्रस्तावनामा विभिन्न कुरा अनावश्यक रूपमा समेटिएकाले भद्दा भएको छ। प्रारम्भ हुने मिति ऐनमा प्रस्तावनापछि आरम्भ हुने मिति तोकिएको हुन्छ । यस सन्दर्भमा नेपालको पहिलो सहकारी ऐनले 'तुरून्त प्रारम्भ हुने' भन्ने खराब अभ्यास तोडेर नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिबाट लागू हुने व्यवस्था गरेको थियो। यसअनुसार ऐनमा २०१६ चैत १४ गते लालमोहर लागेर चैत १५ गते नेपाल राजपत्रमा प्रकाशित भयो। तैपनि ऐन कार्यान्वयन गर्न चार महिना अवधिमा सामान्य तयारी गरेर २०१६ कात्तिक ९ गते देखि मात्र लागू गरिएको थियो। त्यसपछिका सबै ऐनमा 'तुरून्त प्रारम्भ हुनेछ' भन्ने व्यवस्था गरिएकाले सुशासनका हिसाबले यी ऐन सुरूको भन्दा प्रतिगामी देखिन्छन् । सहकारी संस्थाको गठन/प्रकार सहकारी संस्थाको गठन तथा प्रकारका सम्बन्धमा विभिन्न ऐनमा विभिन्न व्यवस्था भएको पाइन्छ । उदाहरणका लागि – सहकारी संस्था ऐन २०१६ अन्तर्गत सहकारी संस्था गठन गर्न १६ वर्ष नाघेका कम्तिमा २५ जना सदस्य हुनुपर्ने व्यवस्था थियो। अर्कातर्फ साझा संस्था ऐन २०४१ ले औद्योगिक साझा संस्था गठन गर्न कम्तिमा १५ र अन्य साझा संस्थाका लागि कम्तिमा २५ जना सदस्य हुनुपर्ने व्यवस्था गरेको थियो । यसैगरी यो ऐनले कम्तिमा ५ संस्थाहरू मिलेर जिल्ला साझा संघका साथै साझा संस्था र कम्तिमा १५ जिल्ला साझा संघ मिलेर राष्ट्रिय साझा संघ स्थापना गर्न सक्ने व्यवस्था गरेको थियो। सहकारी ऐन २०४८ ले कम्तिमा २५ जनाले प्रारम्भिक संस्था खोल्न सक्ने र कम्तिमा ५ वटा संस्था सदस्य भएको विषयगत संघ स्थापना गर्न सकिने व्यवस्था गरेको थियो। त्यस्तै, यो ऐनले प्रारम्भिक संस्थाहरू वा विषयगत संघहरू वा दुवै गरी कम्तिमा ५ संस्था वा संघ सदस्य भएको जिल्ला सहकारी संघ, कम्तिमा २५ वटा प्रारम्भिक संस्था वा कम्तिमा ५ विषयगत संघ सदस्य भएको केन्द्रीय सहकारी संघ र कम्तिमा १५ संघहरू सदस्य भएको राष्ट्रिय सहकारी संघ स्थापना गर्न सकिने व्यवस्था पनि गरेको थियो । सहकारी ऐन २०७४ ले कम्तिमा ३० जना नेपाली नागरिक मिलेर विषयगत वा बहुउद्देश्यीय संस्था गठन गर्न सक्ने र श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाका हकमा १५ नेपाली नागरिक हुनुपर्ने व्यवस्था गरेको छ। अर्कातर्फ महानगरपालिका र उपमहानगपालिका क्षेत्रमा बचत तथा ऋण कारोबार गर्ने संस्थाको हकमा कम्तिमा १०० नेपाली नागरिक सदस्य हुनुपर्ने प्रावधान छ भने जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न सहकारी संघहरू गठन गर्न सकिने व्यवस्था पनि गरिएको छ।

**भौगोलिक कार्यक्षेत्र**

सहकारीको भौगोलिक कार्यक्षेत्रबारे पनि विभिन्न ऐनले गरेका व्यवस्थामा एकरूपता पाइँदैन । सहकारी संस्था ऐन २०१६ अनुसार आफ्ना सदस्यहरूलाई ऋण दिन संस्था बनेको रहेछ भने त्यसका सदस्य एकै सहर, गाउँ वा गाउँहरूको समूहमा बसोबास गर्दै रहेको वा एकै पेसा वा उद्देश्यको हुनुपर्थ्यो। कृषि सहकारीको कार्यक्षेत्र भने एकभन्दा बढी गाउँपालिका हुनसक्ने व्यवस्था थियो । साझा संस्था ऐन २०४१ र सहकारी ऐन २०४८ ले सहकारीको कार्यक्षेत्र सम्बन्धित संस्थाको विनियममा तोकिएबमोजिम हुने व्यवस्था गरेको थियो। सहकारी ऐन २०७४ ले सहकारी संस्थाको भौगोलिक कार्यक्षेत्र सम्बन्धी विस्तृत प्रावधान गरेको छ । सहकारी संस्थाहरू खासगरी 'ग्रासरूट' हुन्छन्। सहकारी संस्था ऐन २०१६ ले व्यवस्था गरेअनुसार सहकारीको भौगालिक कार्यक्षेत्र एकै सहर, गाउँ वा गाउँहरूको समूह हुनु राम्रो हुन्छ। यसो भए पनि सहकारीको भौगोलिक कार्यक्षेत्र त्यसको प्रकार, त्यसले अपनाएको व्यापार मोडेल र त्यसका सदस्यको आवश्यकताका आधारमा तोकिनुपर्छ। हाल विश्वमा गाउँ/नगर, जिल्ला, प्रदेश, राष्ट्र वा अन्तर्राष्ट्रिय स्तरका सहकारी भएका उदाहरण पनि छन्।

**सहकारीको सदस्यता**

वर्तमान सहकारी ऐनमा कुनै एक व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने व्यवस्था छ। सहकारी अध्यादेश २०८१ ले भने 'एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन सक्ने छैन' भन्ने व्यवस्था गरेको छ । सहकारीको सदस्यताका लागि तोकिएका सर्त पूरा गर्ने व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारीको सदस्य हुनु हुँदैन भन्ने मान्यता नभए पनि एक व्यक्ति एकै प्रकृतिका विभिन्न सहकारीको सदस्य हुनुभन्दा एक सहकारीको मात्र सदस्य हुनु राम्रो हो। कारण के भने, सहकारीको सदस्य कम्पनीको सेयरहोल्डरजस्तो सेयरमा लगानी गरेपछि निष्क्रिय भएर बस्दैन। बरू सहकारीको कारोबार बढाउन सधैं सक्रिय हुनुपर्छ । उदाहरणका लागि – वित्तीय सहकारीको सदस्यले बचत जम्मा गर्ने वा ऋण लिने कारोबार आफू सदस्य भएको सहकारीबाटै गर्नुपर्छ। उपभोग सहकारीको सदस्यले आफू सदस्य भएको सहकारबाटै वस्तु तथा सेवा खरिद गर्नुपर्छ। यसले सहकारीको विकास र विस्तार भई सहकारीको मूल्य र मान्यताअनुसार सदस्य र समुदायको भलाइ हुन्छ ।

**सहकारीको दर्ता**

सहकारी सञ्चालनका लागि सर्वप्रथम त्यसलाई सम्बन्धित सरकारी निकायमा दर्ता गर्नुपर्छ। नेपालमा सुरूदेखि नै सहकारी कानुनले सहकारी दर्ता गर्ने जिम्मा नेपाल सरकारको रजिस्ट्रारलाई दिएको थियो । तर हालसालै जारी गरिएको सहकारी अध्यादेशले सहकारी दर्ता स्थानीय तहमा मात्र हुने व्यवस्था गरेको छ । यस किसिमको व्यवस्थाले खास गरी बचत तथा ऋण सहकारीजस्ता संस्थालाई सही किसिमले छानबिन गरेर दर्ता गर्न सक्ने क्षमता सबै स्थानीय निकायमा छ कि छैन भन्ने गम्भीर प्रश्न उब्जाएको छ । सहकारी दर्ता गर्ने सन्दर्भमा तिनीहरूले दरखास्तका साथ पेस गरेको विनियम सहकारी ऐन तथा नियमअनुसार भए-नभएको, प्रस्तावित सहकारी संस्था सहकारी मूल्य-मान्यता र सिद्धान्तअनुरूप सञ्चालन हुन सक्ने आधार भए-नभएको र सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन हुन सक्ने स्पष्ट आधार भए-नभएको भनेर छानबिन गर्न आवश्यक हुन्छ । मुलुकका अधिकांश ग्राम वा नगरपालिकामा यस किमिसको क्षमता भएको देखिँदैन। सहकारी संस्थाहरूको दर्ता सही किसिमले हुन नसके दर्तादेखि नै समस्या बल्झिन सक्छ। अधिकांश स्थानीय सरकारको सहकारी सम्बन्धी अनुभव र क्षमता विचार गर्दा अध्यादेशले सहकारी संस्थाको दर्ता 'स्थानीय तहमा मात्र हुनेछ' भनेर गरेको व्यवस्था पुनरवलोकन हुनुपर्छ । सही किसिमको दर्ताको महत्त्व विचार गरेर अमेरिकाजस्तो विकसित देशमा पनि वित्त सहकारी (क्रेडिट युनियन) मध्ये संघीय सहकारीलाई संघको राष्ट्रिय क्रेडिट संघ प्रशासनले र राज्य स्तरका सहकारीलाई सम्बन्धित राज्यको वित्तीय नियामक प्रशासनले हेर्ने व्यवस्था छ। त्यस्तै, भारतमा राज्य सरकारले राज्य स्तरका सहकारी संस्था दर्ता गर्छ भने एकभन्दा बढी राज्यमा रहेका सदस्यको हितलाई ध्यानमा राखेर स्थापित सहकारीलाई सहकारी संस्थाहरूको केन्द्रीय रजिस्ट्रार कार्यालयले दर्ता गर्ने व्यवस्था छ।

**सहकारी संगठित संस्था हुने**

सबै सहकारी ऐनमा सहकारी संस्था संगठित संस्था हुने व्यवस्था गरिएको पाइन्छ। सहकारी ऐन २०४८ र २०७४ ले सहकारी स्वशासित संस्था हुने भनेर पनि स्पष्ट गरेको छ। अन्तर्राष्ट्रिय स्तरमा अपनाइएको सामान्य प्रचलन पनि यही हो ।

**सहकारीको दायित्व सीमित हुने**

सहकारी ऐन २०१६ अनुसार दर्तावाल संस्था सदस्य रहेको संस्था र अरू प्रारम्भिक संस्थाको दायित्व सीमित हुने तर आफ्ना सदस्यलाई ऋण दिने उद्देश्यले बनेको, अधिकांश सदस्यहरू कृषक भएको र दर्ता भएको संस्था सदस्य नरहेको संस्थाको दायित्व असीमित हुने व्यवस्था गरिएको थियो ।

तर साझा संस्था ऐन २०४१, सहकारी ऐन २०४८ र सहकारी ऐन २०७४ मा सहकारीको दायित्व सीमित हुने व्यवस्था गरिको छ। असीमित दायित्व हुने व्यवस्था हटाइएको छ। यसको अर्थ सहकारी संस्थाको कारोबारका सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको सेयरको अधिकतम रकमसम्म मात्र सीमित रहन्छ। अन्तर्राष्ट्रिय जगतमा अपनाइएको सामान्य प्रचलन पनि यही हो । तर हाम्रो सहकारी ऐन २०१६ ले गरेको व्यवस्थाझैं कतै कतै तोकिएका सहकारीको दायित्व असीमित हुने व्यवस्था पनि छ। उदाहरणका लागि – भारतको सहकारी ऐनले सदस्यहरूलाई ऋण दिने उद्देश्यले बनेको, अधिकांश सदस्यहरू कृषक भएको र दर्ता भएको संस्था सदस्य नरहेको सहकारीको दायित्व असीमित हुने व्यवस्था गरेको छ। यसको अर्थ सहकारीका सदस्यहरूको दायित्व तिनीहरूले खरिद गरेको सेयरमा मात्र सीमित नभई सम्पूर्ण व्यक्तिगत सम्पत्तिमा फैलिन्छ । केही गरी सहकारी असफल भए सहकारीको ऋण सदस्यले तिर्नुपर्ने हुन्छ। यसरी सदस्यको दायित्व असीमित भएकाले तिनीहरूले सहकारीबाट ऋण लिँदा सतर्कता अपनाउने छन् र कृषकहरू ऋणमा डुब्नबाट बच्ने छन् भन्ने मान्यता यो प्रावधानको हो। सहकारीबाट लिइने ऋणमा सतर्कता अपनाएर प्रयोग गर्न यस किसिमको व्यवस्थाको पुनरावृत्ति गर्नु उपयुक्त होला वा नहोला भन्नेबारे थप अध्ययन हुनुपर्छ ।

**सेयर बिक्री**

सहकारी संस्था ऐन २०१६ ले कुल सेयरको १.५ वा यो ऐनअन्तर्गत बनेका नियममा तोकिदिएको घटी अंशभन्दा बढी सेयर लिन नपाउने तर लाभांश नबाँड्ने संस्थाका सम्बन्धमा सेयर सम्बन्धी यो हद लागू नहुने व्यवस्था गरेको थियो । यसको अर्थ यो ऐनले गैर मुनाफाकारी संस्थाको पनि परिकल्पना गरेजस्तो देखिन्छ। यस किसिमको व्यवस्था अन्यत्र पनि लागू भएको पाइन्छ। उदाहरणका लागि – अमेरिकामा क्रेडिट युनियन गैरमुनाफाकारी संस्था हो, जसअन्तर्गत हार्वर्ड संघीय क्रेडिट युनियनका सदस्यहरूले किन्न सक्ने सेयरको सीमा सञ्चालक समितिले तोक्न सक्ने व्यवस्था छ। साझा संस्था ऐन २०४१ र त्यस पछिका सबै ऐनमा सदस्यले संस्थाको कुल सेयर पुँजीको २० प्रतिशतमा नबढ्ने गरी खरिद गर्न सक्ने व्यवस्था मात्र गरेको पाइन्छ । नेपालमा हालसम्म लागू गरिएका सबै सहकारी ऐनले सहकारीले आफ्ना सदस्यलाई मात्र सेयर बिक्री गर्न सक्ने व्यवस्था गरेको पाइन्छ। तर सहकारी सञ्चालनका लागि आवश्यक पुँजी परिचालन गर्न इच्छुक गैरसदस्यलाई पनि सहकारीको सेयर बिक्री गर्न सकिने तर गैरसदस्यले मताधिकार लगायतका अन्य लाभ नपाउने व्यवस्था लागू गर्नेतर्फ पनि विचार गरिनुपर्छ ।

**एक सदस्य एक मत**

सहकारी संस्था ऐन २०१६ अनुसार सहकारी संस्थाका सदस्यहरूको दायित्व सीमित नभएकोमा त्यस्ता संस्थाको कार्य सञ्चालनमा प्रत्येक संस्थाले मूल धनमा आफ्नो जतिसुकै हक भए पनि एक मत मात्र दिन पाउने व्यवस्था गरिएको थियो। सीमित दायित्व भएका संस्थाका सदस्यले विनियममा तोकिएबमोजिम मत दिन पाउन व्यवस्था गरिएको थियो। त्यसपछिका ऐनमा सदस्यले जतिसुकै सेयर खरिद गरेको भए पनि 'एक व्यक्ति एक मत' को व्यवस्था गरिएको थियो।

**सञ्चालक समिति**

सहकारीलाई सही र सफलताका साथ सञ्चालन गर्न सञ्चालक समितिको महत्त्वपूर्ण भूमिका हुने तथ्यलाई मध्यनजर गरेर हालसम्म लागू गरिएका सबै सहकारी ऐनमा सहकारीका सदस्यले 'एक व्यक्ति एक मत' का आधारमा सञ्चालक समिति चयन गर्ने व्यवस्था गरिएको पाइन्छ । हालै जारी गरिएको सहकारी अध्यादेश २०८१ ले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी हुन नपाइने व्यवस्था गरेको छ। केही सहकारीका सञ्चालकहरूले ठूलो मात्रामा सहकारी कानुन उलंघन गरेर सहकारीमा पारिवारिक एकाधिकार कायम गरेर ठूलो मात्रामा दुरूपयोग गरेकाले सञ्चालकको कार्यकाल दुई अवधि तोकिनुपर्छ भन्ने मान्यता विकसित भएको हुन सक्छ। तर यस किसिमको व्यवस्थाबाट सहकारी क्षेत्रको राम्रो विषय ज्ञान र लामो अनुभव भएका दक्ष जनशक्ति गुमाउने खतरालाई बेवास्ता गर्न मिल्दैन । सञ्चालकहरूको एक अवधि कति वर्षको हुने, लगातार एकभन्दा बढी अवधि सञ्चालक हुन पाउने कि नपाउने, एक व्यक्ति जम्मा कति अवधि सञ्चालक हुन पाउने जस्ता कुरा सहकारी संस्थाको आवश्यकताअनुसार विनियमले व्यवस्था गर्नु राम्रो हुन्छ । व्यक्तिगत बचत तथा ऋणको सीमा सहकारी ऐन २०७४ मा सदस्यहरूको बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिएबमोजिम हुने व्यवस्था गरिएकोमा सहकारी अध्यादेश २०८१ ले अन्तर-प्रदेश कारोबार भएका सहकारीमा ५० लाख, अन्तर-जिल्ला कार्यक्षेत्र भएका सहकारीमा २५ लाख र एक जिल्लाभित्र मात्र कार्यक्षेत्र भएका सहकारीमा १० लाखसम्म रकम जम्मा गर्न पाइने व्यवस्था गरेको छ । सहकारीको नियमन निकै कमजोर भएको र सहकारीको ठूलो मात्रामा दुरूपयोग भएको परिप्रेक्ष्यमा यस किसिमको सीमाको चर्चा हुनु अस्वाभाविक होइन। तैपनि सहकारीलाई सही रूपमा कार्यान्वयन गर्ने र त्यसको प्रभावकारी नियमन भएको अवस्थामा सदस्यले सहकारीमा बचत गर्ने सीमा तोक्नु कतिको औचित्यपूर्ण हुन्छ भन्ने विषयमा गम्भीरतापूर्वक विचार गरिनुपर्छ।

**बचतको सुरक्षण**

केही सहकारीका बचतमारा सञ्चालकहरूले सहकारीमा जम्मा गरिएको रकम ठूलो मात्रामा दुरूपयोग गरेकाले सम्पूर्ण सहकारीमाथि नै अविश्वास फैलिने डर छ। त्यसो हुन नदिन सरकारले सहकारीमा जम्मा भएको रकम सुरक्षित हुने कानुनी आधार तयार गरेर त्यसलाई व्यापक रूपमा प्रचारप्रसार गरेर सर्वसाधारणलाई जानकारी गराउन आवश्यक छ । सहकारी ऐन २०७४ मा सहकारी संस्थाहरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण निम्ति सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यवस्था गरिएको छ। सहकारी नियमावली २०७५ मा सदस्यहरूले जम्मा गरेको ३ लाख रूपैयाँसम्मको बचत सुरक्षण गर्न सक्ने प्रावधान छ। तर सहकारी अध्यादेश २०८१ ले यस्तो प्रावधान खारेज गरेर सहकारी संस्थाले कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने व्यवस्था गरेको छ । निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ ले प्राकृतिक व्यक्तिको निक्षेप खातामा रहेको दुई लाखसम्मको निक्षेप मात्र सुरक्षण हुने व्यवस्था गरेको छ। सहकारी पीडितको समस्या समाधान गर्नुका साथै सहकारीमा जम्मा भएको रकम भविष्यमा पनि सुरक्षित हुने भनेर प्रत्याभूति दिने किसिमको व्यवस्था अध्यादेशबाट हुनुपर्नेमा सहकारीले कर्जा सुरक्षणको सदस्य हुनुपर्ने भनेर हल्का रूपमा गरिएको व्यवस्थाले नियमालीअनुसार सहकारीमा जम्मा भएको ३ लाख रूपैयाँसम्मको रकम पनि भविष्यमा सुरक्षित नहुने भएको छ । अर्कातर्फ अध्यादेशमा 'बचत फिर्तासम्बन्धी विशेष व्यवस्था' भनेर गरिएको प्रावधानअन्तर्गत पनि बचत फिर्ता सम्बन्धमा विद्यमान कानुनमा समस्याग्रस्त संस्थाका सन्दर्भमा गरिएको व्यवस्थामा भन्दा खासै नयाँ प्रावधान ल्याइएको देखिँदैन । स्मरण रहोस्, सहकारीमा जम्मा गरेको रकम सुरक्षित हुन्छ भन्ने भावना बचतकर्ताहरूमा कायम राख्न विभिन्न मुलुकमा बचत सुरक्षण गरिएको हुन्छ। उदाहरणका लागि – अमेरिकामा फेडरल क्रेडिट युनियन (वित्तीय सहकारी) मा जम्मा गरिएको रकम सुरक्षित गर्न सन् १९७० मा राष्ट्रिय क्रेडिट युनियन सेयर बीमा कोष स्थापना गरिएको थियो, जसले संघीय क्रेडिट युनियनका सदस्यहरूले क्रेडिट युनियनमा जम्मा गरेको अमेरिकी डलर २० हजारसम्मको रकम बीमा गर्न सुरू गरेको थियो। सुरक्षित हुने रकमको सीमा बढाएर सन् १९७४ मा ४० हजार डलर, सन् १९७९ मा १ लाख डलर र सन् २००८ मा २ लाख ५० हजार डलर पुऱ्याइएको थियो। यसले अहिलेसम्म निरन्तरता पाइरहेको छ । क्यानाडमा अल्बर्टा, ब्रिटिस कोलोम्बिया लगायतका राज्यहरूमा सहकारीमा जम्मा भएको सबै रकम सुरक्षित हुन्छ भने अन्य प्रान्तमा प्रान्तीय क्रेडिट युनियनमा जम्मा भएको रकम र संघीय क्रेडिट युनियनमा जम्मा भएको रकम क्यानेडियन डलर १ लाखदेखि २ लाख ५० हजारसम्म सुरक्षित गरिएको पाइन्छ । भारतमा निक्षेप बीमा र कर्जा सुरक्षा निगमले सहकारीमा जम्मा भएको रकमको भारू ५ लाखसम्म सुरक्षित गर्छ। श्रीलंकामा निक्षेप बीमा योजनाअनुसार प्रति निक्षेपकर्ता अधिकतम श्रीलंकन रूपैयाँ ११ लाखसम्म सुरक्षित गरिएको छ। यसको अर्थ सहकारी संस्था असफल भए बचतकर्ताले सुरक्षित गरिएको रकम बीमा योजनाबाट प्राप्त गर्छन् ।

# विपद्का ३ सय १७ घटनामा आठ करोड ५२ लाखको क्षति, २७ को मृत्यु

नमस्ते समचारदाता
धनगढी, माघ/२३

सुदूरपश्चिम प्रदेशमा प्राकृतिक विपदबाट आठ करोड ५२ लाख मूल्यको धनमाल नष्ट भएको अनुमान गरिएको छ । चालु आर्थिक वर्षको साउनदेखि माघ चौथो साता (मंगलवार २२ गते)सम्म प्राकृतिक विपद्का घटनाबाट आठ करोड ५२ लाख ४६ हजार मूल्यको धनमाल नष्ट भएको अनुमान गरिएको हो। सो अवधिमा पहिरोबाट ६ लाख २५ हजार मूल्यको धनमाल नष्ट भएको छ। ६ महिनामा पहिरोका ५३ घटना घटेका छन्। पाँच महिलासहित ६ जनाको मृत्यु भएको छ । पहिरोबाट १८ जना घाइते भएका छन भने एक सय १७ परिवार प्रभावित बन्न पुगेका छन् । सो अवधिमा १४ वटा चट्याङका घटना घटेका छन्। यस्तै पहिरोबाट ४०




पशुचौपायामा क्षति पुगेको छ। चट्याङबाट तीन पुरुष र २ महिलाको मृत्यु भएको छ। चट्याङबाट १० लाख ५० हजार मूल्यको धनमाल नष्ट भएको छ। आगलागीका ९९ घटना सुदूर पश्चिममा सात महिनाको अवधिमा ९९ वटा आगलागिका घट्ना भएका छन्। आगलागीबाट एक महिलाको मृत्यु भएको छ भने, आठ करोड १३ लाख ३६ हजार मूल्यको धनमाल जलेर नष्ट भएको सुदुरपश्चिम प्रदेश आपतकालिन कार्यसञ्चालक केन्द्रले संकलन गरेको विवरणमा उल्लेख छ। यस्तै हावाहुरीबाट ७ लाख, भारी वर्षाबाट १२ लाख ६० हजार, अन्य विपदबाट २ लाख २५ हजार र जंगल आगलागीबाट ५० हजार मूल्यको क्षति भएको केन्द्रले जनाएको छ। विपद्का घटनाबाट सो अवधिसम्म ११ पुरुष र १६ महिला गरेर २७ जनाको मृत्यु भएको छ। यस्तै, २०८० साउन १ गतेदेखि २०८१ असार ३० गतेसम्मको बिवरण अनुसार बाढी र पहिरोमा परी सात जनाको ज्यान गएको छ। बाढी र पहिरोमा परी १५ जना घाइते भएका छन्। सो अवधीमा जंगली जनावरको आक्रमणबाट चार जनाले ज्यान गुमाएका छन् भने ४७ जना घाइते भएका छन्। यस्तै लेक लागेर एक जना र भूकम्पबाट एक जनाको ज्यान गएको थियो । एक वर्षमा ५४ पटक गएको भूकम्पमा परी २९ जना घाइते भएको सो विवरणमा उल्लेख छ। यस अवधिमा विपद्का विभिन्न घटनाबाट १ सय ४४ घर पूर्ण रुपमा क्षति भएका छन्। यस्तै, ८ सय २१ घर आंशिक क्षति भएका छन् भने ९६ गोठमा क्षति भएको छ। विपद्का कारण ४ सय ५४ पशु चौपाया मरेका छन्। एक वर्षको अवधीमा १२ करोड ७५ लाख ४२ हजार क्षति भएको अनुमान गरेको छ ।

# ठेकेदारलाई कारबाही गर्ने भएपछिबल्ल गति लिन थाल्या

नमस्ते समचारदाता
बुटवल, माघ/२३

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढाइएको पूर्व-पश्चिम राजमार्ग अन्तर्गत नारायणगढ बुटवल खण्ड विस्तारको कामले तीव्रता पाएको छ । नारायणघाट बुटवल सडक योजना पूर्वीखण्डका सूचना अधिकारी इञ्जिनीयर शिव खनालले अहिले पूर्वीखण्डको विभिन्न १८ स्थानमा कालोपत्र गर्नेगरी काम भइरहेको जानकारी दिए। "यो फेब्रुअरी महिनामा गैँडाकोटबाट दुम्कीबास सम्म एकतर्फी कालोपत्र पुऱ्याउने गरी काम भइरहेको छ" उनले भने,"पुल र कल्भर्ट रहेका ठाउँ बाहेकका सडकमा कालोपत्र गर्नेगरी १८ ठाउँमा काम भइरहेको छ ।" पूर्वीखण्डमा पर्ने ६५ किलोमिटर सडकमध्ये पुल र कल्भर्टको भाग करिब तीन किलोमिटर रहेको भन्दै उनले अहिले गैँडाकोटबाट दाउन्नेसम्म ४० किलोमिटर एकतर्फी कालोपत्र भएको बताए । दुई लेनतर्फ भएको सडकको कालोपत्रको गणना गर्दा भने करिब ६४ किमी सडक कालोपत्र भएको उनको भनाइ छ। अब करिब २२ किमी सडक कालोपत्र गरेको अवस्थामा नारायणघाटबाट दाउन्नेसम्म एक लेन सडकमा कालोपत्रको काम सकिने सूचना अधिकारी इञ्जिनीयर खनालले बताए। "यो महिना दाउन्नेसम्म नै एकतर्फी कालोपत्र गर्ने योजना हो" उनले भने, "दाउन्ने क्षेत्रमा १०३ वटा कल्भर्ट निर्माण गर्नुपर्ने भएकाले हामी दुम्कीबाससम्म कालोपत्र सक्ने गरी लागेका छौँ ।" दाउन्नेको साँघुरो सडकमा कल्भर्ट निर्माण गर्दा सवारीसाधन एकतर्फी गर्नुपर्ने अवस्था रहेको भन्दै दाउन्नेसम्म कालोपत्र गर्न केही समय लाग्ने उनको भनाइ छ । सडक विस्तारका लागि ग्रेडर, लोडर, एक्साभेटरसहित १८ स्थानमा पाँच सय ५० जना श्रमिकले धमाधम काम गरिरहेका उनको भनाइ छ । हालसम्म सडकको भौतिक प्रगति ५३ दशमलव ३ प्रतिशत रहेको भन्दै उनले एक महिनाको अवधिमा एक दशमलब ४३ प्रतिशत प्रगति भएको बताए । "जनवरीमा पाँच किलोमिटर कालोपत्र थपियो, थप १२ किमी कालोपत्रको तयारी भएको छ" उनले भने, "गैँडाकोटको नारायणीको पुल नजिकै, डण्डा, सिजी, अरुणखोला बजार क्षेत्रमा कालोपत्रको लागि धमाधम काम भइरहेको छ ।" दुम्कीबासको जङ्गल क्षेत्रको करिब आठ किलोमिटर क्षेत्रमा पनि कालोपत्र गर्नेगरी काम भइरहेको सूचना अधिकारी इञ्जिनीयर खनालले बताए । यस खण्ड निर्माणको लागि ग्लोबल बोलपत्रमार्फत चिनियाँ निर्माण कम्पनी 'चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनीयरिङ कर्पोरेसन लिमिटेड'लाई ठेक्का परेको थियो । विसं २०७५ माघ २२ मा सरकार र निर्माण कम्पनीबीच विसं २०७९ साउन २२ भित्र काम सक्नेगरी ठेक्का सम्झौता भएको थियो । एक सय १४ किमी सडकलाई गैँडाकोट-दाउन्ने (६५ किलोमिटर) र दाउन्ने-बुटवल (४९ किमी ) गरी दुई खण्डमा विभाजन गरी आह्वान गरिएको बोलपत्रमा दुवै खण्ड निर्माणको जिम्मा चाइना स्टेट कन्स्ट्रक्सनले पाएको थियो । विसं २०७५ चैत ८ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले बुटवलबाट दुवै खण्डको शिलान्यास गरेपछि सडक विस्तारको औपचारिक काम सुरु भएको थियो । निर्धारित समयमा एक चौथाइ पनि काम नसकेपछि पहिलो पटक २०८० साउन ८, दोस्रोपटक २०८१ साउन ८ सम्मका लागि म्याद थप गरिएको थियो । निर्माण कम्पनीले कोभिड, निर्माण सामग्रीको अभावलगायत विभिन्न समस्या देखाउँदै तीन पटकसम्म ठेक्का सम्झौताको म्याद थप गराएको छ ।

# दर्ता गर्न नआउने सामाजिक सञ्जाल प्लेटफर्म माथि प्रतिबन्ध लगाउँछौं: गुरूङ

नमस्ते समचारदाता
काठमाडौं, माघ/२३

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङले दर्ताका लाग आह्वान गरिएका सामाजिक सञ्जाल प्लेटफर्महरू दर्ता नभए प्रतिबन्ध लगाइने बताएका छन्। मंगलबार नेपाल टेलिकमको वार्षिकोत्सव समारोहमा सञ्चार मन्त्री गुरूङले टिकटकबाहेक अरू सामाजिक सञ्जाल दर्ता गर्न नआएको बताउँदै दर्ता नभए प्रतिबन्ध गरिने बताएका हुन् । 'अगाडि पनि धेरै पटक भनेका




छौं। आएको छैन। जोजो आउँदैन त्यो खारेज हुन्छ, त्यो चल्न प्रतिबन्ध हुन्छ। जोजो आउँछ उनीहरुलाई सहज रुपले चल्ने वातावरण बनाउँछौं,' उनले भने । मन्त्री गुरूङले त्यस्ता सामाजिक सञ्जालहरूलाई नेपालमा पैसा कमाउने अवसर दिँदा उनीहरूले पनि नेपाललाई केही न केही सहयोग गर्नुपर्ने बताएक । 'उनीहरुले केही पनि सहयोग नगरी बसिरहेको छ। हामी त्यो सबै नियमन गर्न चाहन्छौं। नियमसंगत ढंगले सबै चल्नुपर्छ। कानूनी राज्य हो यो नेपाल। कानूनको आधारमा सबै चल्नुपर्छ उनीहरुको काम गर्ने यथोचित वातावरण बनाउँछौं,' उनले भने । उनले त्यस ढंगले अगाडि बढ्ने गरी आइटी, सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धी विधेयकको मस्यौता तयार भइसकेको र चालु अधिवेशनमै पेस हुने बताए । विधेयक पारित भएपछि अहिलेसम्म त्यसै चलिरहेका सामाजिक सञ्जाल प्लेटमर्फहरू दर्ता भएर मात्रै चल्न पाउने उनको भनाइ छ। (न्युज एजेन्सी नेपाल)

## लुम्बिनीमा लैंगिक........

प्रवर्द्धन गरेको छ । सामाजिक न्याय र समतामा आधारित लैंगिक समानतायुक्त प्रदेश बनाउने दिर्घकालिन सोंचका आधारमा लैंगिक समानता नीति तयार भएको हो । प्रदेशका सबै तह र क्षेत्रमा लैंगिक समानता कायम गरी प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणको आधार निर्माण गर्ने मुख्य लक्ष्य राखिएको छ । सामाजिक विकास मन्त्री जन्मजय तिमिसिल्नाले दातृ निकाय तथा संघ संस्थाहरुलाई लैंगिक समानता नीतिले प्राथमिकतामा राखेका क्षेत्रमा कार्यक्रम केन्द्रित गर्न सल्लाह दिनु भएको छ । प्रदेश सरकारको समन्वय र सुझावको आधारमा स्थान छनोटमा ध्यान दिनुपर्ने सुझाव मन्त्री तिमिल्सिनाको छ ।'समुदायमा के समस्या छ, त्यसको पहिचान गरेर समाधान गर्नेगरी कार्यक्रम बनाउनेछौं'उहाँले भन्नुभयो,'समतामुलक समाज निर्माण गर्ने चाहना सबैको साझा बिषय हो ।' नीति कार्यान्वयनमा आएपछी प्रदेशभर लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ । निर्देशक समितिको प्रथम बैठकले प्रदेशको लैंगिक समानता नीति २०८० को प्रभावकारी कार्यान्वयन गर्न क्षेत्रगत, तहगत तथा बिषयगत रुपमा समन्वय र सहकार्यगरी दोहोरोपन हटाई कार्यसम्पादनको व्यवस्था मिलाउन समन्वय तथा कार्यान्वयन समितिलाई निर्देशन दिने निर्णय गरेको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले विभिन्न मन्त्रालय, विकास साझेदार, नागरिक समाज, संस्था तथा सरोकारवालाहरुबाट नीति कार्यान्वयन गर्दा समन्वय गर्ने, स्थानीय तहमा समन्वय तथा सहजीकरण समिति गठनगरी क्रियाशिल बनाउन ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# म सिङ्गो कांग्रेसको हुन चाहन्छु कुनै गुटको होइन: गगन थापा

नमस्ते समचारदाता
काठमाडौँ, माघ/२३



नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीको १५ औं महाधिवेशनको उम्मेदवारीबारे अहिले नै चर्चा गर्ने बेला भइनसकेको बताएका छन् । २०७८ मंसिरमा भएको १४ औं महाधिवेशनबाट आफू महामन्त्री निर्वाचित भएको र जिम्मेवारीअनुसार कामहरू गर्दै १५ औं महाधिवेशन सफलतापूर्वक सम्पन्न गराउनेसमेत जिम्मेवारीमा रहेको थापाको भनाइ छ । 'म अहिले कांग्रेसको महामन्त्री छु, मेरो जिम्मेवारी भनेको १५ औं महाधिवेशनसम्म पार्टीका सबै काम गरेर सफलतापूर्वक आउँदो महाधिवेशन गराउने हो,' पोखरामा बुधबार पत्रकारहरूसँग थापाले भने, 'त्यो जिम्मेवारीमा म केन्द्रित छु। अहिले नै १५ औं महाधिवेशन लाग्ने बेला भएको छैन भन्ने ठान्छु । महाधिवेशनको उम्मेदवारीबारे चर्चा गर्ने समय आइसकेको छैन ।'कांग्रेस विधानअनुसार अबको १० महिनापछि महाधिवेशन गर्नुपर्ने हुन्छ। २०७८ मंसिरमा महाधिवेशन भएकोले चार वर्षपछि २०८२ मंसिरमा नियमित महाधिवेशन हुनुपर्ने हो। तर कांग्रेसमा सभापतिलाई विशेष परिस्थितिमा एक वर्ष कार्यकाल थप गर्ने विधानले नै व्यवस्था गरिदिएकोले यसअघि पनि यो अधिकार सभापतिले प्रयोग गर्ने गरेका थिए। महामन्त्री थापाले समयमै महाधिवेशन हुने बताइरहेका छन्। कांग्रेसले चैतभित्र क्रियाशील सदस्यता नवीकरण सक्न मातहत निकायलाई परिपत्रसमेत गरिसकेको छ । फरक प्रसंगमा महामन्त्री थापाले आफू पार्टीभित्र कुनै गुटभन्दा पनि सिङ्गो पार्टीको हुन चाहेको बताएका छन् । 'म नेपाली कांग्रेसमा कुनै गुट होइन, सिङ्गो कांग्रेसको हुन चाहन्छु, त्यसका निम्ति मेरो प्रयास छ, प्रयास रहन्छ,' महामन्त्री थापाले भने । महामन्त्री थापा कांग्रेसको १३ औं महाधिवेशनमा कृष्णप्रसाद सिटौला प्यानल र १४ औं महाधिवेशनमा शेखर कोइराला प्यानलबाट महामन्त्री उम्मेदवार भएका थिए । अर्को प्रसंगमा महामन्त्री थापाले सरकारमा पार्टीबाट गएका मन्त्रीहरूले अबको छ महिनाभित्र प्रभावकारी काम गरेर देखाउनुपर्ने बताए। तत्काल कुनै मन्त्री फेर्ने बारे छलफल नभएको महामन्त्री थापाको भनाइ छ ।'सरकार बदलिन्न तर जसरी काम भइरहेको छ त्यसरी काम गरेर हुँदैन, गति बढाउनुपर्छ,' महामन्त्री थापाले भने।

# मच्छिन्द्र आहा ! रारा पोखरा गोल्डकपको अन्तिम आठमा

नमस्ते समचारदाता
काठमाडौँ, माघ/२३




मच्छिन्द्र फुटबल क्लब पोखरामा जारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ । पोखरा रङ्गशालास्थित फुटबल मैदानमा आज सम्पन्न खेलमा विभागीय सशस्त्र प्रहरीको एपिएफ क्लबलाई २-० गोलले मच्छिन्द्रले निराश बनाएको हो । पहिलो हाफको खेल गोलरहित टुङ्गिएकामा खेलको ७४औं मिनेटमा आदित्य शाक्यले गोल गर्दै टिमलाई अग्रता दिलाए । वैकल्पिक खेलाडीका रुपमा मैदान प्रवेश गर्नुभएका शाक्यले फरवार्ड आयुष घलानको पास सदुपयोग गर्दै गोल गरे । मच्छिन्द्रले खेलको ८१औं मिनेटमा अग्रता दोब्बर बनायो । विदेशी खेलाडी स्टेफन कामाहाले रक्षक देवेन्द्र तामाङले प्रहार गरेको फ्रिकिक बललाई हेड गर्दै गोल गरेका हुन् । खेलमा एपिएफ क्लबले पनि गोलका केही मौका सिर्जना गरे पनि सदुपयोग गर्न सकेन । खेलपछि एपिएफका प्रशिक्षक जिवेश पाण्डेले खेलाडीले मौकाको सुदपयोग गर्न नसक्दा पराजित हुनुपरेको प्रतिक्रिया दिए । यसैगरी विजेता टोली मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले आफ्नो रणनीति अनुसार नै खेलाडीले खेलेको बताउँदै प्रदर्शनप्रति खुसी व्यक्त गरे । चौबिसौं संस्करणको आहा रारा पोखरा गोल्डकपमा नेपालका नौ र तीन विदेशी गरी १२ टोलीले सहभागिता जनाएका छन् । प्रतियोगिताको विजेताले नगद रु १२ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेताले रु छ लाखसहित सिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् । यसैगरी प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले स्कुटर पुरस्कार प्रदान गरिनेछ । प्रतियोगितामा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्टाइकर र प्रशिक्षकले रु २५ हजार नगदसँगै ट्रफी पुरस्कार पाउँदा फेएर प्लेका रूपमा एक टोलीलाई पुरस्कृत गरिने सहाराका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

चंखेली गाउँपालिका
हुम्ला

# रैथानेबाली खरिद केन्द्र स्थापना गरिने

नमस्ते समचारदाता
हुम्ला, माघ/२३



खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडले रैथाने बाली खरिद केन्द्र स्थापना गर्ने भएको छ। गाउँपालिकासँगको समन्वय र सहकार्यमा खरिद केन्द्र यस आर्थिक वर्षका स्थापना गर्न लागिएको हो । लिमिटेड हुम्ला शाखाका प्रमुख कृष्ण थापा मगरका अनुसार जिल्लामा उत्पादन हुने रैथान बालीको प्रर्बद्धन गर्नका लागि सात वटै गाउँपालिकामा रैथाने बाली खरिद केन्द्र स्थापना गर्न लागिएको छ। स्थानीय स्तरमा रैथाने बाली खरिदमा किसानको पहुँच पुर्याउन यो प्रयास लिमिटेडले गर्न लागेको हो। हाल लिमिटेडले शाखा, डिपो र बिक्री केन्द्रबाट सात वटै गाउँपालिकाका सर्वसाधारणलाई ढुवानी अनुदानको खाद्यान्न बिक्री गर्दै आएको छ । खाद्यान्न बिक्रीका लागि सात वटै गाउँपालिकामा नौ वटा संरचना लिमिटेडले स्थापना गरेको छ। अब प्रत्येक गाउँपालिकामा एक एक वटा बिक्री केन्द्र स्थापना गर्ने गरी सिमकोट, सर्केगार्डर ताँजाकोट गाउँपालिकासँग सहमति भइसकेको र बाँकी चार वटा गाउँपालिकासँग पनि चाँडै सम्झौता गर्ने तयारीमा लिमिटेड रहेको छ। खरिद केन्द्र स्थापनाका लागि गाउँपालिकाले भवनको व्यवस्था र तीन महिनाका लागि ढुवानी अनुदानको खाद्यान्न बिक्री हुने सुनिश्चितता गर्नुपर्ने हुन्छ । जनशक्ति र आवश्यक अन्य श्रोत भने लिमिटेडले गर्ने छ। खरिद केन्द्र स्थापना भएपछि लिमिटेडले किसानबाट खरिद गरेको रैथाने बाली सिधै ढुवानी गरेर सुर्खेत हुँदै काठमाडौंसम्म पुर् याउनेछ । हुम्लाका रैथाने बाली चिनो, कागुनो, सिमी, कोदो, उवा, उवालगायत दुई वर्ष अगाडिबाट शाखाबाट खरिद गरेर लिने गर्दै आएको छ ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

महावै गाउँपालिका
कालिकोट

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके